समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरू

जि.प्र.का.महोत्तरी.द.नं. ४१/०७०/७१
जि.महोत्तरी.हु.द.नं. ३/०७०/७१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
:९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail:-
jaleshwortoday@gmail.com

बर्ष ९ • अंक ३४९ • २०७९ असोज २२ गते शनिवार • 8 Oct. 2022 • पृष्ठ ४ • मुल्य रु.५/-

## रेल सञ्चालनमा आएको ६ महिना नपुग्दै करोडौं घाटामा रहेको तथ्यांक सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ असोज




प्रतिनिधि सभा विकास तथा प्रविधि समितिले रेल पूर्वाधार आयोजना अन्तर्गत जनकपुर-जयनगर र जनकपुर-कुर्था-बर्दिवास-निजगढ खण्डको स्थलगत अवलोकन भ्रमण गरेको छ।

उक्त समितिले रेल सञ्चालनमा आएको ६ महिना नपुग्दै विभाग करोडौं घाटामा रहेको तथ्यांक सार्वजनिक गऱ्यो। २०७९ भदौ ५, ६ र ७ गते उक्त स्थानहरुको अवलोकन भ्रमण गरिएको थियो। सरकारले २०६८ साल असार १ गतेदेखि मेची-महाकाली (पूर्व-पश्चिम) विद्युतिय रेलमार्ग सञ्चालनमा ल्याउनका लागि रेल विभागको स्थापना गरेको थियो। स्थापनाको एक दशक बितिसकेपछि मात्रै विभागले आफ्नो जिम्मेवारी पूरा गऱ्यो। तर, समितिले रेल सेवा सुरु भएको ६ महिना नपुग्दै विभाग करोडौं घाटा भएको तथ्यांक सार्वजनिक गऱ्यो। संघीय तथा प्रतिनिधि सभाको

बांकी पृष्ठ २ मा।

## ५ वर्षे कार्यकालको उपलब्धि र गर्न नसकेका महत्वपूर्ण कामहरु सार्वजनिक

जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ असोज




मधेस प्रदेशका सभामुख सरोजकुमार यादवले आफ्नो ५ वर्षे कार्यकालको उपलब्धि र गर्न नसकेका महत्वपूर्ण कामहरु सार्वजनिक गरेका छन्।

सभामुख यादवले प्रदेशको नाम र राजधानी तोक्न सफल हुनु नै आफ्नो सबैभन्दा महत्वपूर्ण उपलब्धि रहेको बताए। उनले आयोजना गरेको पत्रकार सम्मेलनमा भने, 'सायद म नभएको भए प्रदेशले नाम मधेस न राजधानी जनकपुरधाम हुने थिएन। यो प्रदेश सरकारको होइन, मेरो भूमिकाले सम्भव भयो।'

प्रदेशको नाम र राजधानी तोक्यो भनेर दाबी गर्ने मुख्यमन्त्री र मन्त्रीहरु पनि झुटो बोलिरहेको सभामुख यादवले टिप्पणी गरे। नाम र ठेगाना तोक्न नसकेमा संघीयता नै धरापमा पर्ने भनेर एकरएक सांसदलाई कन्भिन्स गरेर प्रदेशको नाम मधेस र राजधानी जनकपुरधाम तोक्न सफल भएको उनले दाबी गरे।उनका अनुसार २०७४ माघ ७ गते सपथग्रहणपश्चात माघ २१ गते प्रदेशसभाको पहिलो बैठक बसेको थियो। अहिलेसम्म प्रदेशसभाको ९ अधिवेशनमा २२८ बैठक (३११ घण्टा १८ मिनेट ५६ सेकेण्ड) बसेको छ। प्रदेशसभामा ६१ विधेयक दर्ता भएकोमा ५५ वटा पारित भई प्रदेश प्रमुखबाट प्रमाणीकरण भइसकेको छ। प्रदेशसभामा पेश भएका मदरसा शिक्षा बोर्ड गठन, प्रदेश प्रशासन सम्बन्धमा बसेको विधेयक, प्रदेश बालिका संरक्षण सम्बन्धमा बनेको विधेयक लगायतका ६ विधेयक विचाराधीन अवस्थामा छ। विचाराधीनमध्ये ५ विधेयक विभिन्न समितिमा छलफल गरी प्रतिवेदन सभामा पेश गर्ने अवस्थामा रहेको र विचाराधीन एक विधेयक प्रस्तुतकर्ताले अगाडि बढाउने प्रस्ताव

बांकी पृष्ठ २ मा।

## 'रामराज्य रथ यात्रा' जनकपुरधाम आउने

जलेश्वरटुडे समाचारदाता
धनुषा, २१ असोज



भारतको अयोध्याबाट सुरु भएको 'रामराज्य रथ यात्रा' जनकपुरधाम आउने भएको छ। अक्टुबर ५ तारिखमा अयोध्याबाट 'रामराज्य रथ यात्रा' सुरु भएको थियो। श्री शक्ति शान्तानन्द महर्षीको नेतृत्वमा सुरु भएको उक्त यात्रा गोरखपुर, गोरखगञ्ज र सितामढी हुँदै आज जनकपुरधाम आउन लागेको हो।

दिउँसो ३ बजे जनकपुरधाम आउन लागेको 'रामराज्य रथ यात्रा'मा सहभागीलाई मेयर मनोज साहले भव्य स्वागत गर्ने तयारी गरेका छन्। उनले यात्रामा सहभागीको स्वागतका लागि नगरबासीसँग अनुरोध समेत गरेका हुन्। उक्त यात्रामा ४० जना साधुसन्त तथा महन्थ सहभागी छन्। जनकपुरबाट यात्रा काठमाडौं समेत पुग्नेछ। त्यसपछि पोखरा, बुटबल, नेपालगञ्ज र टिकापुर हुँदै पुन: भारत पस्नेछ। भारतको विभिन्न राज्यको यात्रा पश्चात पुन: अयोध्या पुगेर समापन हुनेछ। ६० दिनसम्म अर्थात् ३ दिसम्बरसम्म चल्ने उक्त यात्राले २७ राज्यका १५ हजार किलोमिटर दुरी तय गर्ने बताइएको छ। रामराज्यका स्थापना गर्नु यात्राको मुख्य उदेश्य रहेको छ।

## बस दुर्घटनामा मृत्यु हुनेको सख्या १७ जना पुगे

जलेश्वरटुडे समाचारदाता
बारा, २१ असोज



पूर्व-पश्चिम राजमार्ग अन्तर्गत बाराको अमलेखगन्ज तीन नम्बर पुल नजिक भएको बस दुर्घटनामा मृत्यु हुनेको सख्या १७ जना पुगेको छ। भरतपुरको चितवन मेडिकल कलेजमा गएराती एक बालिकाको मृत्यु भएसँगै मृत्यु हुनेको संख्या १७ पुगेको हो।

गएराती बारा कलैयाकी १२ वर्षीया प्रीतिका चौधरीको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरिक्षक वामदेव गौतमले जानकारी दिए। यस अघि बिहीबार उक्त बस दुर्घटनामा १६ जनाको मृत्यु भएको थियो। प्रहरी उपरीक्षक गौतमका अनुसार बस दुर्घटनामा परि मृत्यु भएका १७ जनाको सनाखत भएको छ। मृत्यु हुनेमा बारा कलैया उपमहानगरपालिकाका लीलाराज चौरसिया, चितवन खैरहनी नगरपालिका-५ की नन्दकुमारी पुडासैनी, चितवन कालिका नगरपालिकाका १५ वर्षीय बालक सफल कँडेल, चितवन खैरहनी-५ का मनोरथ पुडासैनी, बाराका ५५ वर्षीय राम आश्रय राय, पर्सा-१६ की मुन्नी देवि चौरसिया, पर्साकै सखुवा प्रसौनी गाउँपालिका ६ का दया राउत शंकर रहेका छन्। त्यस्तै हेटौंडा-७ की करिब ५५ वर्षीया शुभलक्ष्मी श्रेष्ठ, सोही स्थानकी २० वर्षीया स्वस्तिका श्रेष्ठ, बारा-कलैया-१० का नगरिन खातुन, बारा-अमलेखगञ्जका सुरेश विक, बारा-कलैया का इन्ताज अन्सारी, जनकपुर उपमहानगरपालिका-५ का ५० वर्षीय सन्तोषकुमार राय, ओखलढुङ्गाका करिब ४५ वर्षीय लालबहादुर बोगटी, गोर्खाका अम्बिका कँडेल र पर्सा-१६ का सोम प्रसाद चौरसिया रहेका छन्।

### डेंगीबाट बचौं।

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा बान्ता हुनु
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- अध्यांरा कुना काप्चामा किटनाशक औषधी छर्नकने गरौं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चित्सिक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

स्वास्थ्य कार्यालय जलेश्वर, महोत्तरी

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



जलेश्वरनाथ महादेव 'महालिङ्ग'

## मसाडा भग्नावशेषमा जीवनको सुगन्ध

-दामोदर पुडासैनी किशोर

*मन बलियो बनेको बेला*
*नचाउँन सकिन्छ सँसारलाई आफ्नै मुठ्ठिमा*
*निष्फिक्री चाल्न सकिन्छ पाइला*
*घनघोर साँपमार्ग र अग्नीनदीहरूमा*
*र, खडा गर्न सकिन्छ दरबार*
*शुष्क मरूभूमिका डाँडाहरूमा*
*हजारौ मान्छेका पाइलाहरू*
*सँगै हिँडदैमा सुरक्षित नठान कहिलेकहि*
*जीवनभन्दा मृत्यु प्यारो लाग्ने क्षणपनि आउँनसक्छ*
*सामुहिक यात्रा त्यागेर*
*सामुहिक आत्महत्या सवल र मीठो लाग्नसक्छ*
*बिउ च्याप्न नसक्ने माटोमाथि*
*कसैले ठड्याइदिनसक्छ आलिसान महल*
*उभ्याइदिनसक्छ जतासुकै किल्लाहरू*
*परेड खेल्छन् सिपाहीहरू घामको ओजदार छातिमा*
*समय ढलेपछि भने*
*खण्डहरमा परिणत हुनु बाहेक*
*के गर्न सक्तछ र जीवनले पनि ?*
*बाँच्ने क्रममा*
*कुन अनकन्टारकोलागि खनियो बाटो*
*कहाँ कहाँ खनिए आशाका कुवाहरू*
*कति गरिए अहमका घोषणा*
*जीवनका खण्डहर र भग्नावशेषहरूसँग सोधिरहेछु*
*घरका केही अवशेषहरू भेटिए*
*केही भेटिँए पुराना लत्ता कपडा*
*भेटिए केही पुराना चित्र,गीत र सँबादका हरफ*
*यिनै साक्षीहरूका माझमा बसेर*
*जीवनको मीठो जूनको रोशनी चाखिरहेछु*
*जीवनका खण्डहरहरू छामेपछि*
*मृत सागरमा पनि*
*एउटा बिरूवा उमार्ने साहस बढेकोछ*
*खण्डहरनै होस्*
*कसैको उपस्थितीले मात्र ब्युँझनेरहेछ जीवन*
*म एक्लै छु र ,सधैं तिमी आउँने बाटोमा*
*आँखाहरू उमारिरहेछु ।*

*रेल सञ्चालनमा आएको.........*

विकास तथा प्रविधि समितिले रेल पूर्वाधार आयोजनाअन्तर्गत गरेको अनुगमन प्रतिवेदनले उक्त घाटा देखाएको हो । अनुगमनका क्रममा समितिले रेल सेवा सञ्चालनमा पूर्वाधारको कमीका साथै अनावश्यक खर्च बढी हुँदा वार्षिक करोडौं घाटा भइरहेको निष्कर्ष निकाल्यो ।

सरकारले गत चैत्र २० गतेदेखि नै कुर्था-जयनगर सम्मको रेल सेवा सञ्चालमा ल्याउने भनेर रेल भित्र्याएको थियो। तर, उक्त रेल सञ्चालनका लागि आवश्यक प्रविधि, वाशिङ सेन्टर, वर्कशप र फ्यूल खर्च अत्याधिक भएको समितिको प्रतिवेदनमा उल्लेख छ । भारतबाट महँगो दरमा फ्यूल र रेलसम्बन्धी अन्य सेवा लिनुपर्दा विभागको खर्चसँगै घाटा चुलिएको हो । हालसम्म रेल वाशिङ सेन्टर निर्माण नहुँदा उक्त रेल वाशिङका लागि मात्रै सरकारले ५ करोडभन्दा बढी खर्च गरिसकेको समितिका पूर्व सभापति कल्याणी कुमारी खड्काले जानकारी दिइन् । 'वाशिङका लागि मात्रै ५ करोड बढी खर्च भएको छ । वर्कशप र फ्यूल स्टेशनका लागि वार्षिक ७/८ करोड खर्च हुने भएको देखियो, रेल सेवालाई निरन्तर सञ्चालनमा ल्याउने हो भने वाशिङ सेन्टर, वर्कशप र फ्यूल स्टेशन निर्माण गरी घाटा कम गर्नतर्फ लाग्नुपर्छ', उनले भनिन् ।

*५ वर्षे कार्यकालको उपलब्धि..............*

नै पेश नगरेकाले अगाडि बढ्न नसकेको उनको भनाइ छ। सभामुख यादवले प्रदेशसभा सञ्चालन गर्दा सूचना प्रविधिको प्रयोगलाई बढोत्तरी गरेको र कोभिड-१९ महामारीको समयमा पनि प्रत्येक माननीयलाई ल्यापटप उपलब्ध गराएकाले बैठक सञ्चालन तथा व्यवस्थापन खर्चमा कटौती भएको दाबी गरे । खर्च कटौतीमा अन्य प्रदेशको तुलनामा मधेस अगाडि भएको उनको भनाइ छ। उनले प्रदेश सरकारले उपलब्ध गराएको न्यून बजेटका कारण काम कारबाहीलाई पूर्ण प्रविधिमैत्री बनाउन नसकेको, प्रदेशको राजधानी कायम भएपछि प्रदेशसभाको लागि छुट्टै स्थायी संरचना बनाउन प्रारम्भ नभएको र आफ्नो भवनको अभावमा आम जनसमुदाय र पत्रकार एवं सरोकारवालाहरुलाई सभाको काम कारबाहीमा प्रत्यक्ष पहुँच स्थापित गराउन नसकेको गुनासोसमेत गरे ।


## सूचना




कमला नगरपालिकाको कार्यालय, धनुषा

## सूचना

लामखुट्टेले फुल पार्न सक्ने संभावित घर र विद्यालय भित्र र वरपरका पानी जम्ने सबै ठाउँहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।



डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नकोलागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।
(चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )

विदेह नगरपालिकाको कार्यालय, धनुषा


### तपाईको टुडे

मेष: मित्रतामा फाटो आउने
वृष: पढाईमा ध्यान दिनुपर्ने
मिथून: मनमा पछुतो आउने
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: खानपानमा समस्या आउने
कन्या: अनावश्यक चिन्ता
तुला: अशुभ समाचार प्राप्त हुने
वृश्चिक: विचार गरेर बोल्नुहोला
धनु: शुभ कार्यको शुरुवात
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने

### प्रदेश नं.–२ को गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पाकिस्तानको बाढीमा परी एक हजार सात सयको मृत्यु

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज



पाकिस्तानमा यस वर्षको मनसुनी वर्षा र बाढीका कारण मृत्यु हुनेको सङ्ख्या एक हजार सात सय पुगेको छ। यस प्रकोपको कारण पाकिस्तानमा १२ हजार आठ सय ६७ घाइते भएका राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडिएमए) ले बिहीबार राति जनाएको छ।

एनडिएमएले जारी गरेको प्रतिवेदनअनुसार देशमा छुट्टाछुट्टै वर्षा वा बाढीजन्य दुर्घटनामा ज्यान गुमाउनेमा छ सय ३२ बालबालिका र तीन सय ४० महिला रहेका छन्। देशको दक्षिणी सिन्ध प्रान्त सबैभन्दा बढी प्रभावित क्षेत्रका रुपमा रहेको छ। यहाँ सात सय ६३ व्यक्तिको मृत्यु भएको थियो।

त्यसपछि दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा तीन सय ३६ जनाको मृत्यु भएको छ। उत्तरपश्चिम खैबर पख्तुनख्वा र पूर्वी पञ्जाब प्रान्तमा क्रमशः तीन सय आठ र दुई सय २१ जनाको मृत्यु भएको थियो। साथै, वर्षाका कारण देशभर २० लाख ४८ हजार सात ८९ घर ध्वस्त भएका छन् भने एक लाख ६३ हजार दुई सय ३७ गाईवस्तु मर्ने अनुमान गरिएको छ। बाढी प्रभावित क्षेत्रमा एनडिएमए, अन्य सरकारी संस्था, स्वयंसेवी र गैरसरकारी संस्थाहरुद्वारा उद्धार र राहत कार्य जारी रहेको छ।

# चार वर्षमा सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानमै १९ अर्ब खर्च

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज




नेपाल सरकारले सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानमा मात्रै करिब १९ अर्ब रुपैयाँ खर्च गरेको छ।

बजेट वक्तव्यअनुसार मन्त्रिपरिषद्ले निर्णय गरेर २०७५ बाट विभिन्न सात प्रकारका कर्जामा सरकारले ५ देखि ६ प्रतिशतसम्म ब्याज अनुदान दिने निर्णय गरेको थियो।

नेपाल राष्ट्र बैंकले त्यसैअनुसार सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानसम्बन्धी एकीकृत कार्यविधि २०७५ मन्त्रिपरिषद्बाट स्वीकृत गराएर कार्यान्वयनमा ल्याएको थियो। पछि त्यसलाई संशोधन गर्दै विभिन्न १० शीर्षकमा सहुलियतपूर्ण कर्जा दिने व्यवस्था गऱ्यो। उक्त सहुलियतपुर्ण कर्जाको लागि साउन २०७९ सम्म १८ अर्ब ८६ करोड ९७ लाख ८९ हजार रुपैयाँ खर्च गरेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

उक्त कार्यविधि अनुसार साउन २०७९ सम्ममा १ लाख ४७ हजार २३ ऋणीलाई २ खर्व ५७ अर्ब ७७ करोड ३६ लाख २९ हजार कर्जा स्वीकृत भएको राष्ट्र बैंकले जनाएको छ। जसमध्ये २ खर्व १३ अर्ब ६६ करोड ४३ लाख ५७ रुपैयाँ बराबरको लगानी बक्यौता बाँकी रहेको राष्ट्र बैंकले जनाएको छ।

# बलिउड अभिनेत्री नोरा फतेहीले कतार विश्वकपमा प्रस्तुति दिने

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज



नोरा फतेही पछिल्लो समय निकै रुचाइएकी बलिउड अभिनेत्री हुन्। अभिनयसँगै उनको नृत्यको चर्चा हुने गर्छ। नोरालाई लिएर नयाँ खबर छ।

पिंकभिल्लाका अनुसार कतारमा हुन लागेको फिफा विश्वकप फुटबल २०२२ मा उनले प्रस्तुति दिने भएकी छन्। यसअघि जेनिफर लोपेज र सकिराजस्ता विश्व सेलिब्रिटीले पनि विश्वकपमा प्रस्तुति दिइसकेका छन्।

यसवर्षको फिफाको आधिकारिक गीतको म्युजिक भिडियोमा पनि नोरालाई देख्न सकिनेछ। सकिराको वाका वाका र लाला लालाजस्ता चर्चित फिफाका गीतमा काम गरिसकेको रेडवान स्टुडियोले गीत निर्माण गर्दैछ। म्युजिक भिडियो मात्र नभएर समापन समारोहमा समेत नोराले प्रस्तुति दिने भएकी छन्। साथै हिन्दीमा गीत पनि गाउनेछिन्। विश्वकै ठूलो खेल मानिने उक्त समारोहमा प्रस्तुति दिने भएपछि नोराका प्रशंसक खुशि भएका छन्। विश्वकप फुटबल मंसिर ४ गतेदेखि कतारमा सुरु हुँदैछ।

नोरा भने यतिबेला टिभी रियालिटी शो 'झलक दिखालाजा'मा काम गरिरहेकी छन् भने केही फिल्मको डान्समा देखिनेछिन्।

# कतारको विश्वकप मेरो अन्तिम हुनेछ : मेस्सी




जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २१ असोज

लियोनेल मेस्सीले कतारमा आयोजना हुने विश्वकप आफ्नो अन्तिम हुने बताएका छन्। ३५ वर्षीय पेरिस सेन्ट जर्मेनका फरवार्डले अर्जेन्टिनासँग पछिल्ला ४ विश्वकपमा सहभागिता जनाएका छन्। यसक्रममा १९ खेलमा उनले ६ गोल गर्नुका साथै ५ वटा गोलको अवसर सिर्जना गरेका छन्। सन् २०१४ मा अर्जेन्टिना उपविजेता बनेको थियो भने सन् २०२१ मा उनले टोलीलाई कोपा अमेरिकाको उपाधि दिलाएका थिए। मेस्सीले जित्न बाँकी उपाधि भनेको विश्वकप नै हो।

'पक्कै पनि यो मेरो अन्तिम विश्वकप हो,' ईएसपीएनसँग कुराकानी गर्दै उनले भने, 'म विश्वकप आउने दिन गन्दै बसिरहेको छु। यहाँ उत्साह र चिन्ता दुवै छ। प्रतियोगिता कस्तो हुने हो ? कसरी अगाडि बढ्ने हो ?' सन् २००५ मा अर्जेन्टिनाका लागि डेब्यु गरे यता उनले टोलीका लागि १६४ खेलमा ९० गोल गरेका छन्। पाँचौं विश्वकपमा भाग लिँदै गर्दा उनले डिएगो म्याराडोना र ह्याभिएर मास्चेरानोको कीर्तिमानलाई उछिन्नेछन्।

फिफा वरियतामा तेस्रो स्थानमा रहेको अर्जेन्टिना समूह सीमा साउदी अरेबिया, मेक्सिको र पोल्याण्डसँग रहेको छ। 'विश्वकपमा जे पनि हुन सक्छ। सबै खेल कठिन हुन्छन्। प्रतियोगिता जित्ने भनिएका टोलीले सधैं जित्दैनन्,' मेस्सीले भने, 'अर्जेन्टिना सधैं विश्वकपको दाबेदार रहँदै आएको छ।'


## सूचना




पिपरा गाउँपालिकाको कार्यालय, महोत्तरी

## कामनी ब्यूटी पार्लर

यहाँ ब्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै ब्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ। यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी

## सूचना




लोहारपट्टी नगरपालिकाको कार्यालय, महोत्तरी

# दशैँसँग जोडिएको सांस्कृतिक र आर्थिक अन्तरद्वन्द्वको पहेली

-दशैंको सन्दर्भमा ट्वीटरमा एक जना असुर थर भएकी भारतीयले एउटा पोष्टमा आफू महिसासूरको सन्तान भएको र त्यसमा गौरव गरेको कुरा व्यक्त गरिन् । भारतको झारखण्डमा यस्ता अल्पसंख्यक समुदाय छन् जसले महिसासूरलाई आफ्नो पुर्खा र आदर्श मान्छन्। दशैंको शुरुवातमै बाजुरामा पूजा गर्न मन्दिर प्रवेश गरेको निहुँमा एकजना दलितले वडाध्यक्षबाट नै कुटाई खाएको घटना सार्वजनिक भयो । यस्ता घटना प्रत्येक दशैंको एक अंग नै बनेका छन्। यस्तै परम्परा धान्नका लागि ऋण लिँदा सुदखोरले घरजग्गा नै कब्जा गरेको विरोधमा भएको आन्दोलन भर्खर मत्थर भएको छ । यस्ता प्रतिनिधी घटनाबाट समाजमा दशैं जस्ता चाडपर्वका बारेमा सांस्कृतिक तथा आर्थिक अन्तरद्वन्द्व रहेको कुरा प्रष्ट हुन्छ। भलै त्यस्ता अन्तरद्वन्द्व सुषुप्त अवस्थामा रहेका होलान्।

दशैंको शुरुवात कसरी भयो भन्ने प्रमाणिक दस्तावेज छैन। समाजको विकासक्रममा मानव सभ्यता कृषि युगमा प्रवेश गरेसँगै कविलाहरू एकै ठाउँमा बसी खेतिपाति गर्न थाले। यस्तो अभ्यासको विस्तार हुँदै जाँदा खुसी मनाउने यस्ता संस्कारको पनि विकास हुँदै गएको पाइन्छ। विशेषतः धान रोप्ने बेला हिलो वा माटोको र उत्पादन भए पछि धान (चावल) कै टिका निधारमा टाँसेर हर्सोल्लास गर्ने प्रचलन चलेको हुनुपर्छ। यसको साक्षीका रूपमा राउटेहरू र केही आदिवासी जनजातिले अहिले पनि सेतो (चावल) टिका लगाउने गर्छन्। आहुतिका अनुसार दशैं गंगा मैदानबाट सुरु भएको हो। त्यो ठाउँ गहुँ र धान लगायतका खेतीका लागि राम्रो थियो। त्यहाँ बाली भित्र्याइसकेपछि उत्सव मनाउने परम्परा थियो। त्यो परम्परा नै दशैंको मुख्य स्रोत हो। अझै महत्वपूर्ण अन्वेषण त जमराको विकास हो। जौ खाद्य पदार्थको दृष्टिले पौष्टिक पदार्थ हो। यसलाई स्वास्थ्यको दृष्टिले पनि औषधिको रूप मानिन्छ। कुनै पनि बिरुवालाई माटो, पानी र प्रकाश फरक ढंगले प्रवाह गरेमा त्यसको वृद्धि र उत्पादन फरक हुन्छ भन्ने वनस्पतीशास्त्रको आधारभूत अन्वेषण थियो त्यो जो अहिले आधुनिक टनेल प्रणालीका रूपमा विकास भएको छ। सायद टिकासँगै धानको पात लगाउने चलनलाई विकास गरी जौलाई फरक ढंगले उमारी जमराको विकास गरिएको हुनुपर्छ। समयक्रममा धर्मको विस्तार गर्ने क्रममा यसलाई पनि धर्ममा लगेर जोडियो। जुन कुरा रहस्यमय लाग्छ त्यसलाई दैवी शक्तिको रूपमा लिन थालियो। र, पाप-धर्म, स्वर्ग-नर्क जस्ता कुराहरूलाई विभिन्न किंबदन्ती बनाएर पुष्टि गर्न थालियो। तदनुरूप दशैं (दशहरा) लाई पनि राम र रावणको लडाईंको किम्वदन्तीसँग जोडियो र असत्यमाथि सत्य वा असुरमाथि सुर वा दानवमाथि देवताको विजयको रूपमा व्याख्या गर्न थालियो। पछि त राज्यको विजय उत्सवको रूपमा पो लिन थालियो। नेपालकै सन्दर्भमा पनि पृथ्वीनारायण शाहले बाइसे चौबिसे राज्य जित्दै जाँदा यो पर्वलाई विजय उत्सवको रूपमा लिने र भवानीलाई बली चडाउने व्यवस्था गरे। त्यही बेलादेखि अक्षतालाई रगतमा मुछेर विजयको प्रतीक स्वरूप टिका लगाउन थालियो र रातो टिकाको चलन बस्न गयो। त्यो बढ्दै गएर शासकहरूको आशिर्वाद लिने पर्व बन्यो दशैं। यसरी किसानहरूको उत्पादनको उत्साहका रूपमा शुरु भएको एक मौलिक चाड एकाएक हिन्दु संस्कारका रूपमा राज्यले नै थोपरेको पर्व बन्न पुग्यो। जब बली दिएर, हतियार चलाएर चाड मानिन्छ भने त्यहाँ हिंसाको हिस्सा प्रष्ट देखिन्छ। यो पर्वलाई विजय उत्सवको रूपमा लिदा त्यहाँ पक्कै हार्नेहरू पनि थिए र ती हार्नेहरू प्रति कति वितण्डा मच्चाइन्थ्यो होला भन्ने सामान्य अनुमान गर्न सकिन्छ। **डा. मान बहादुर बीके** अहिले पनि विभिन्न बहानामा यो सन्दर्भमा देखिने हिंसा र बहिष्करण त्यसकै अवशेष हुन्। ती हार्नेहरू असत्य र त्यसको बिम्बको रूपमा असुरलाई प्रयोग गरिएको थियो। र मनोवैज्ञानिक ढंगले दलित र मतवाली समुदायहरूलाई यो दर्जामा राखिएको पो हो कि भन्ने आभाष अहिले पनि हुने गरेको छ। तर सत्य के हो भन्ने कुरा खासै खोतलिएन। वाल्मिकीले रामायणमा जे लेखे वा भानुभक्तले जे भनेर नेपालीकरण गरे, त्यसैलाई शाश्वत सत्य ठानियो। आलोचनात्मक चेतको विकास नै भएको थिएन। धर्मको नाममा मान्छेहरू अन्धभक्त थिए। रामायणको सामान्य किंबदन्तीलाई लिने हो भने लंकाका राजा रावणलाई असत्य असुरको प्रतीकका रूपमा उभ्याइएको छ। तर सुनै सुनको समृध्द मुलुक हाँक्ने वायुयानको आविष्कार गरी त्यसैमा हिंडडुल गर्ने र शक्तिशाली भएर पनि सीतालाई सम्मानका साथ सुरक्षित राख्ने प्रतापी रावण कसरी असत्य भए ? त्यस्तै सौतेनी आमाको झगडाले राजगद्दी नपाएको झोकमा दुईजिया भएकी सीतालाई लिएर वनवासमा लग्ने र त्यस्ती पतिव्रता सीतालाई पनि शंका गरी अग्नि परीक्षा गराउने र अन्त्यमा अलप हुन बाध्य पार्ने, विभिन्न छलछाम गरेर हत्या गर्ने, तपस्या गरेकै कारण सम्बुक ऋषीलाई बध गर्ने राम कसरी सत्यको प्रतीक हुन पुगे ? आठ वर्षको उमेरमा शिवसँग विवाह गर्न जिद्दी कसेर ध्यान गर्ने बालिकालाई हामी महागौरीको उपाधि दिई महान कार्यको प्रतीकका रूपमा पूजा गर्न तछाडमछाड गर्छौं तर हाम्री बालिकाले त्यसै गरे बालापन भनेर टार्छौं वा अलि बढी जिद्दी गरे कुटपिट नै गरौंला। महागौरीको जिद्दी कसरी अनुकरणीय सत्य भयो ? हुन त यसलाई पनि पुष्टि गर्न अनेक किंबदन्तीहरू जोडिएका होलान् हाम्रा धर्म ग्रन्थहरूमा तथापि धर्मग्रन्थहरूले उत्पादन गरेका यस्ता भाष्यहरूको बारेमा छलफल गर्न एकदम जरुरी छ। दशैंलाई बली दिएर विजय उत्सवको रूपमा मनाउनुपर्ने सरकारी उर्दी पृथ्वीनारायण शाहले गोर्खामा जारी गरेर पशुबलीको चलनलाई राज्यको परम्परा बनाए।

त्यसको पालना भए नभएको हेर्न प्रत्येक घरको दैलोमा रगतको पञ्जा छाप लगाउनुपर्ने र सिपाहीहरूले त्यसको निगरानी गर्ने व्यवस्था गरिएको थियो। यहाँ रावणलाई प्रशंसा गर्न वा रामलाई होच्चाउन खोजिएको होइन, आलोचनात्मक चेतको उदाहरण स्वरूप प्रस्तुत गरिएको हो। यसको आशय अब आलोचनात्मक चेतलाई उघार्नुपर्ने समय आएको छ र हाम्रा सन्तानहरूमा पनि आलोचनात्मक चेत जगाउनु पर्छ भन्ने हो। हाम्रा चाडपर्वहरूको शुरुवात रैथाने कृषि कर्ममा आधारित सारै सरल र सामान्य उत्सवबाट भएको पाइन्छ। विस्तारै यसलाई धर्मसंग जोडियो र विभिन्न किम्बदन्तीहरू जोडी रहस्यमय बनाउँदै लगियो। परिणाम स्वरूप उत्पादनको खुसियाली मनाउन शुरु भएको पर्व पाप-धर्म, स्वर्ग-नर्क, सत्य-असत्य, सुर-असुर आदिमा जोडियो। त्यसमा पनि अझै राज्यको विस्तार गर्ने होडबाजीमा यसलाई




विजय उत्सव बनाउन थालियो र विजय उन्मादमा पशुवली दिई हिंसात्मक बनाइयो। विजय हुनु भनेको कुनै समूह हार्नु हो। अनि हार्नेलाई असत्य, असुर, राक्षसको दर्जा दिइयो। त्यस्तै मिथ्यकहरू उनेर पुष्टि गरिदै गइयो। ती हार्नेहरू नै पछि द्रविड, सुद्र हुँदै आधुनिक युगमा पनि मतवाली, दलित भनेर निषेध गरिदै आइयो। यसको एउटा उदाहरण पाल्पा, गुल्मी र अर्घाखाँचीका विभिन्न कोटमा सराय (तरबार नचाउने) नाच नाच्ने चलन छ जसमा दलितहरूलाई अहिले पनि कोटमा छिर्न दिइदैन भने कतिपय क्रियाकलापमा सहभागी नै गराइदैन। यस्ता अभ्यासले तिनीहरूलाई राज्यबाटै विभेद गर्ने र समाजमा एक किसिमको दमनको दुश्चक्र कायम राख्ने मनोवैज्ञानिक त कायम छैन भन्ने आशंका गर्ने प्रशस्त ठाउँ छन्। दशैंलाई बली दिएर विजय उत्सवको रूपमा मनाउनुपर्ने सरकारी उर्दी पृथ्वीनारायण शाहले गोर्खामा जारी गरेर पशुबलीको चलनलाई राज्यको परम्परा बनाए। त्यसको पालना भए नभएको हेर्न प्रत्येक घरको दैलोमा रगतको पञ्जा छाप लगाउनुपर्ने र सिपाहीहरूले त्यसको निगरानी गर्ने व्यवस्था गरिएको थियो। फूलपाती गोर्खाबाट ल्याउनु पर्ने र राज्य तहबाटै भवानीलाई पशुबली दिने चलन यथावत नै छ। अहिले पनि प्रत्येक जिल्ला/कोटमा जिल्ला प्रशासन, अदालत र सुरक्षा निकायहरूले पशुबली दिई पूजा गर्ने र नेपाली सेनाले बढाइँका साथ फूलपाती भित्राउने परम्परा कायमै छ।

*साभार: अनलाईन खबर ।*




## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने।
– पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।
– घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

**शहिदनगर नगरपालिकाको कार्यालय, धनुषा**

## सूचना

### डेंगीबाट बच्ने उपायहरू:

– एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ। त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।
– आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरूमा पानी जम्न नदिने। पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।
– घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।
– बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने
– पूरै शरिर ढाक्ने लुगा लगाउने।
– पानी राख्ने भाँडाहरू जस्तै ट्यांकी, ड्रम, बाटा, बाल्टिन आदिलाई लामखुट्टे नछिर्ने गरी राम्ररी छोपेर राखौं। साथै पानी जम्न सक्ने ठाउँमा पानी जम्न नदिन नियमित सफा गरौं।
– काम नलाग्ने र पानी भरिन सक्ने सामानहरू जस्तै बोतल, टायर, प्लास्टिकका बस्तुहरू पानी जम्न नमिल्ने गरि विसर्जन गर्ने ।
– घर/विधालयको अध्याँरा कुना-काप्चा, जस्तैः पर्दा पछाडी, खाटमुनि, शौचालय भित्र, डेस्क/बेन्च मुनि आदि जस्ता ठाउँहरुमा किटनाशक औषधि छर्कने गरौं ।
– कम्तिमा हप्ताको एक पटक ऐर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएको प्लेटहरु राम्ररी सफा गरौं ।

**बलवा नगरपालिकाको कार्यालय, महोत्तरी**

प्रकाशक /सम्पादक : पवन कुमार साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम , प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि
सम्पर्क कार्यालय : जनकपुरधाम-४(मुरलीचौक), कम्प्युटर : दिलिप कुमार साह (९८४४०५१४८७), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday